बैठक मितिः २०७६/१०/१३
बैठक संख्याः १६

## छलफल तथा निर्णयहरु

१. पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) को विस्तृतीकरणका सम्बन्धमा हालसम्मको प्रगति स्थितिको बारेमा आर्थिक व्यवस्थापन महाशाखाबाट जानकारी प्राप्त भयो । आयोगको वार्षिक कार्यान्वयन कार्ययोजना २०७६/७७ मा तोकिएको समयसारणी मुताविक कार्य सम्पन्न गर्न माननीय सदस्यहरु लगायत सबैले उच्च प्राथमिकतामा राखी कार्यसम्पादन गर्ने ।

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४७औं बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयवस्तुलाई परिमार्जन सहित अन्तिम रुप दिइयो ।

३. आयोगको कार्यजिम्मेवारीका विषयक्षेत्रमा परामर्श सेवा खरिद गर्नुपर्दा सो का लागि तयार गरिएको 'परामर्श सेवा खरिदसम्बन्धी मापदण्ड र लागत अनुमान तयारी कार्यविधि, २०७६' बैठकमा प्राप्त सुझावहरु सहित स्वीकृत गर्ने ।